बैठक मितिः २०८०/११/१५

बैठक सङ्ख्याः २७

छलफल तथा निर्णयः

१. सोहौं योजना (२०८०/८१-२०८५/८६) तर्जुमाको लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८० मा देहायको संशोधन गर्ने निर्णय गरियो।

**सोहौं योजना तर्जुमाको लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८०**

| विद्यमान व्यवस्था | संशोधन हुनुपर्ने व्यहोरा |
|---|---|
| दफा ३ उपदफा (३)- समितिको बैठक योजना तर्जुमा अवधि भर कम्तिमा दुई पटक बस्ने छ। | दफा ३ (३)- समितिको बैठक योजना तर्जुमा अवधि भर कम्तिमा एक पटक बस्ने छ। |
| दफा ३ उपदफा (६) को (घ)- आयोगबाट तयार गरिएको योजनाको मस्यौदा उपर छलफल गरी राय/सुझाव सहित राष्ट्रिय विकास परिषद्मा पेश गर्न सिफारिस गर्ने। | दफा ३ उपदफा (६) को (घ) को व्यवस्था हटाउने |
| सोहौं योजना (२०८१/८२ — २०८५/८६) तयारीको समयतालिकाको बुँदा नम्बर १६ को व्यवस्था : परिमार्जित मस्यौदा राष्ट्रिय विकास परिषद् मा पेश गर्न निर्देशक समितिबाट सिफारिस। | समयतालिकाको बुँदा नम्बर १६ को व्यवस्था : परिमार्जित मस्यौदा राष्ट्रिय योजना आयोगको बैठकबाट सिफारिस। |

२. गृह मन्त्रालयको प.सं. योजना-०८०/८१, च.नं. १२१ मिति २०८०/०६/२१ को पत्रबाट लेखी आएको विषयमा आयोगको मिति २०८०/१०/२३ को बैठकबाट स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालय समक्ष सिफारिश गरिएकोमा अर्थ मन्त्रालयको पत्र संख्या ३१४-५-११-३, च.नं. २०८०/८१-५०६, मिति २०८०/११/०६ को पत्रबाट यस आ.व. मा विनियोजन भएको रकम समेत समावेश हुने गरी चालु आ.व. को बजेट तथा कार्यक्रममा रहेको गैर आवासीय भवन निर्माण गर्न रु. ५० करोड मात्रको स्रोत सहमति प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संसोधन) मापदण्ड, २०८० को दफा ३ (१) बमोजिम चालु आर्थिक वर्षमा ब.उ.सि.नं. ३७०००११६ अन्तर्गत कर्णाली प्रादेशिक सरुवारोग अस्पताल भवन निर्माण आयोजनाको लागि रू. ४९,९९,९९,४२४.९१ (अक्षरेपी उन्नपचास करोड उनान्सय लाख उनान्सय हजार चारसय चौबिस र पैसा एकानब्बे) मात्रको बहुवर्षिय ठेक्का तथा स्रोत सहमतिको लागि अनुरोध